# राष्ट्रिय बीमा संस्थान

प्रधान कार्यालय: रा.बी.स. भवन, रामशाहपथ, काठमाडौं, नेपाल ।
पत्र-मञ्जुषा नं. ५२७, फोन नं. ४२६२५२० (हन्टिङ्ग लाईन) फ्याक्स नं.: ००९७७-१-४२६२६१०
इमेल : info@beema.com.np, वेबसाइट : www.beema.com.np

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

दोश्रो पटक सूचना प्रकाशन मिति:२०७६/०४/१०

यस संस्थानमा देहाय बमोजिमका पदहरुमा प्रतिस्पर्धाको आधारमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकले तपशिल बमोजिमको शर्तहरु पुरा गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थानको कृषि विकास बैंकमा रहेको चल्ती खाता नं. ०१००२००००२८६८०१२ मा रु.८०० (आठ सय मात्र) जम्मा गरेको सक्कल भौचर साथै राखी संस्थानको प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, काठमाडौंमा दरखास्त दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। विदेशी विश्वविद्यालय वा परीक्षा बोर्डबाट शैक्षिक प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। रीत नपुगी वा म्याद नाघी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही हुने छैन। पहिला दर्ता गरी सकेका उम्मेदवारहरुले पुन दरखास्त दिनु पर्ने छैन।

आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभव :

| क्र.सं | पद | संख्या | अनुभव | आवश्यक शैक्षिक योग्यता | उमेरको हद |
|---|---|---|---|---|---|
| १. | बीमा विज्ञ | १ | बीमाको क्षेत्रमा व्यवस्थापकीय तहमा रही कम्तिमा ३ वर्ष कार्य गरेको । | व्यवस्थापन, बीमा, अर्थशास्त्र, विज्ञान, गणित, तथ्यांकशास्त्र, कानून वा सूचना प्रविधि मध्ये कुनै एक विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको वा स्नातक सहित चाटर्ड एकाउन्टेन्सी उत्तीर्ण गरेको । | ४८ वर्ष ननाघेको । |
| २. | बजार विज्ञ | १ | बीमा तथा बैंकिङ क्षेत्रको व्यवस्थापकीय तहमा रही कम्तिमा ३ वर्ष बजार विस्तार सम्बन्धी कार्य गरेको । | | |

थप शर्तहरु :

| | | |
|---|---|---|
| सेवाको किसिम | : | छनौट भएका उम्मेदवारहरुसँग निजको काम कर्तव्य, अधिकार र पाउने सुविधा तोकी करार गरिने । |
| करार अवधि | : | १ वर्ष । कार्यसम्पादन सूचाकाङ्कको आधारमा नवीकरण गर्न सकिने । |
| तलव तथा सुविधा | : | संस्थानको तह १० ले पाउँने तलव भत्ता सुविधा सरह । |
| परीक्षाको किसिम | : | व्यावसायिक कार्य योजना तथा अन्तर्वार्ता । अन्तर्वार्तामा सक्कल कागजात सहित उपस्थित हुनुपर्नेछ । |
| दरखास्त साथ पेश गर्नुपर्ने कागजात | : | नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, अनुभवको प्रमाणपत्रको स्वंय प्रमाणित १/१ प्रति प्रतिलिपि साथै सम्पर्क ठेगाना(इमेल,टेलिफोन,मोवाईल नं.,घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण **(Bio-Data)** संलग्न गरी पेश गर्नुपर्नेछ । साथै ५००० शब्दमा नबढ्ने गरी ३ प्रति व्यावसायिक कार्य योजना समेत पेश गर्नु पर्नेछ । |

नोट: व्यवस्थापकीय तह भन्नाले कुनै संगठित संस्थाको क्रियाकलापमा निर्णय लिने व्यवस्थापक सम्झनुपर्छ र सो शब्दले अन्तिम जिम्मेबारी वा अधिकार प्रयोग गर्न पाउने गरी संगठित संस्थाको कुनै शाखा वा इकाइको प्रमुख पदमा नियुक्त भएको व्यवस्थापक/प्रबन्धक वा अधिकृत द्वितीय श्रेणी वा तह ८ वा सो सरहको कर्मचारी समेतलाई जनाँउदछ।

(अविकेशर ओली)
सदस्य सचिव ,पदपूर्ति समिति